## आर्थिक बर्ष २०८१/०८२ को पच्चिसौं कार्यपालिका बैठक

आज मिति २०८२ साल जेठ २१ गते रासी गाउँपालिकाका अध्यक्ष श्री प्रकाश बिष्ट ज्यूको अध्यक्षतामा कार्यपालिकाको पच्चिसौं बैठक बस्यो । बैठकको उपस्थिति प्रस्ताव तथा निर्णयहरु यस प्रकार छन ।

१.श्री प्रकाश बिष्ट,अध्यक्ष रासी गाउँपालिका

२.श्री कमलापति चौधरी, उपाध्यक्ष रासी गाउँपालिका

३.श्री गेमे खडका, कार्यपालिका सदस्य, रासी गाउँपालिका

४.श्री पहलवान चौधरी, कार्यपालिका सदस्य, रासी गाउँपालिका

५.श्री उमेश अधिकारी, कार्यपालिका सदस्य, रासी गाउँपालिका

६ श्री बिर बहादुर चौधरी, कार्यपालिका सदस्य, रासी गाउँपालिका

७ श्री देवप्रसाद चौधरी, कार्यपालिका सदस्य, रासी गाउँपालिका

८ श्री दिपक कुमार चौधरी, कार्यपालिका सदस्य, रासी गाउँपालिका

९ श्री सिताराम चौधरी, कार्यपालिका सदस्य, रासी गाउँपालिका

१० श्री चन्द्र बहादुर गुरुङ, कार्यपालिका सदस्य, रासी गाउँपालिका

११ श्री रिमबहादुर सुनारी मगर, कार्यपालिका सदस्य, रासी गाउँपालिका

१२ श्री पार्वती सुवेदी, कार्यपालिका सदस्य, रासी गाउँपालिका

१३ श्री चम्फा भुसाल, कार्यपालिका सदस्य, रासी गाउँपालिका

१४ श्री रण बहादुर पुजाली सार्की, कार्यपालिका सदस्य, रासी गाउँपालिका

१५ श्री गिता चौधरी, कार्यपालिका सदस्य, रासी गाउँपालिका

१६ श्री सावित्री चौधरी, कार्यपालिका सदस्य, रासी गाउँपालिका

१७ श्री संजिव परियार, कार्यपालिका सदस्य, रासी गाउँपालिका

१८ श्री देविराम पाठक, सदस्य सचिव

### आमन्त्रित

१.श्री बिश्वास वि.क. बरिष्ठ शिक्षा अधिकृत

२.श्री लेखा भण्डारी बरिष्ठ लेखा अधिकृत

३ श्री रेशमराज अधिकारी बरिष्ठ लेखा सहायक

४.श्री नारायण न्यौपाने प्रशासन शाखा

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मझुरिया, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**पच्चीसौं कार्यपालिकामा छलफल गर्ने प्रस्तावहरु**

१.गिता चौधरीको पारिवारिक शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२.शिक्षक दरवन्दी मिलान सम्बन्धमा ।

३.योजना समावेश सम्बन्धमा ।

४.आर्थिक सहयोग माग गर्ने सम्बन्धमा ।

६.विविध ।

प्रकाश विष्ट
अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मधुरिया, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**मिति २०८२।०२।२१ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु।**

**निर्णय नं. १** – राप्ती गा.पा. वडा नं. ६ का वडा सदस्य श्री गीता चौधरीका ससुरा बुवा कृष्ण मुरारी चौधरीको मितिः२०८२।०२।१० गतेका दिन ७४ वर्षको उमेरमा निधन भएकोमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली सहित शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने।

**निर्णय नं.२** - शिक्षक दरवन्दी अनुदान पुनर्वितरण र शिक्षक मिलान सम्बन्धी प्रतिवेदन २०८२ अनुसार हाललाई प्राथमिक तह कक्षा १-५ र माध्यमिक तह कक्षा ११-१२ को शिक्षक मिलान सम्बन्धी प्रतिवेदन स्वीकृत गरी तत्काल प्रतिवेदन अनुसार कार्यान्वयन गर्ने।

**निर्णय नं.३**- राप्ती गा.पा वडा नं. २ को सुन्दर नगरको अधुरो नाला निर्माणको लागि विनियोजित रकम रू.९०,०००\- लाई संसोधन गरेर सोही रकम मुक्ती नगरको बाटो ग्राभल गर्ने निर्णय गरियो।

**निर्णय नं.४** – प्रगतीशील लेखक संघ नेपाल दाङलाई आर्थिक सहयोग वाफत रू.१०,०००\- दिने निर्णय गरियो।

**निर्णय नं. ५** – राप्ती गा.पा. वडा नं. ५ को सिङ्गे भुल्के वाटोमा मर्मत गर्दा खर्च भएको रकमलाई मर्मत संम्भार शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. ६** - राप्ती गा.पा. वडा नं. ९ को खड्केश्वरी मन्दिर मर्मतलाई संसोधनगरी धापखोला खानेपानी,मोटर खरिद शिर्षक कायम गर्ने।

**निर्णय नं. ७** - मिति २०८२।०१।२६ गतेको कार्यपालिकाको निर्णय नं. १ अनुसारको निर्णयलाई संसोधन गरी संघ, प्रदेश र स्थानीय तहको विकास आयोजनाका अतिरिक्त स्थानीयवासीको निजी प्रयोजनको लागि वडा प्राविधिकबाट परिमाण एकिन गरी वडाका कर्मचारी वा जनप्रतिनिधीको प्रत्यक्ष रोहवरमा २०८२ जेष्ठ मसान्त सम्म संकलन निकासी गर्ने।

**निर्णय नं.१०** - नेपाल सरकार उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय अन्तर्गत वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट सञ्चालित स्वच्छ चुलो कार्यक्रमबाट स्तर ३ + (विद्युतीय पंखा सहितको) सुधारिएको चुलो वितरणका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट पालिकाले व्यहोर्ने १५% रकम यस पालिकासँग समन्वय गरिरहेको संस्था CSRC आत्मनिर्भर केन्द्रले व्यहोर्ने गरी सम्झौता गर्ने र बाँकी ५ % रकम लाभग्राहीहरुले व्यहोर्ने गरी सबै वडामा सो कार्यक्रम अगाडी बढाउने।

प्रकाश विष्ट
अध्यक्ष

**देविराम पाठक**
**प्रमुख प्रशासकीय अधिकृत**